नेपाली राजदूतावास
Embassy of Nepal
Guerickestrasse 27
10587 Berlin-Charlottenburg
Federal Republic of Germany
Tel.: (030) 34 35 99 -20, -21, -22
Fax: (030) 34 35 99 - 06
Email: berlin@nepalembassy.de

नेपाली राजदूतावास
बर्लिन

**नेपाली राजदूतावास, बर्लिनको**
**मुद्रा तथा धारक विनिमय अधिकारपत्रको उद्घोषण गर्ने व्यवस्था सम्बन्धी**
**अत्यन्त जरुरी सूचना**

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९(क) को उद्घोषण गर्नुपर्ने सम्बन्धी व्यवस्थाका सन्दर्भमा कसैले आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यम मार्फत नेपाली रुपैयाँ ५,००० सम्म वा अमेरिकी डलर ५,००० सम्म वा सो बराबरको अन्य विदेशी मुद्रा वा सो बराबरको धारक विनिमय अधिकार पत्र नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल ल्याउन सकिने गरी सीमा तोकिएको छ । अमेरिकी डलर ५,००० वा सो बराबरको विदेशी मुद्राभन्दा बढी र नेपाली रुपैयाँ ५,००० भन्दा बढी रकमको उपरोक्त बमोजिमको नगद वा धारक विनिमय अधिकारपत्र ल्याउने लैजाने भएमा त्यस्तो मुद्रा वा धारक विनिमय अधिकार पत्रको विवरण भन्सार अधिकृतसमक्ष र कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत ल्याउने वा लैजाने भएमा सम्बन्धित कार्गो, कुरियर, हुलाकसमक्ष सो कुराको उद्घोषण गर्नु पर्नेछ । साथै कार्गो कुरियर, हुलाक वा अन्य सेवा संचालकले यसरी उद्घोषण गरेको विवरण तोकिएको ढाँचामा सम्बन्धित भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ ।

यो व्यवस्था २०७५ साउन १ गते (१७ जुलाई २०१८) देखि लागू हुनेछ ।